Web: www.gangadevmun.gov.np  E-mail: gangadevmun@gmail.com

# गंगादेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

## गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोट:

## गाउँ कार्यपालिकाको मिति २०७५ चैत्र १४ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू

१. गाउँपालिकाको केन्द्रकोलागी जग्गा प्राप्ति गर्न तोकिएका प्रारम्भिक कारबाही चलाउने अधिकारीको काम कारबाहीलाइ आबश्यक अनुगमन, निरिक्षण, सल्लाह, सुझाव, सहयोग र समन्वय गरी सहज बनाउन गाउँपालिका उपध्यक्षको संयोजकत्वमा ८ सदस्यिय कार्यदल गठन गर्ने ।

२. देहायका योजनाहरूका उपभोक्ता समितिहरू सँग गरिएको योजना सम्झौता खारेज गर्ने ।

क) ओत राङ्जिवांग माछेमुल मो.बा. निर्माण क्रमागत योजना कार्यान्वियन हुने स्थानमा प्रदेश सरकारले समेट बजेट बिनियोजन गरेको हुदा सो योजनाको उपभोक्ता समिति सँगको योजना सम्झौता खारेज गर्ने र सो रकम त्यसै निर्मानाधिन सडक खण्डको अर्को खण्ड सिस्नेखोलि गोठिखोला राङ्जिवांग खण्डमा बिनियोजन गर्ने ।

ख) १ नं. वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिसँग गरिएको योजना सम्झौता खारेज गर्ने ।

३. प्रदेश सरकार बाट प्राप्त ६० लाखको भवनको अनुदान रकमबाट वडा नं. ५ सानडाँडामा मा भवन निर्माण गर्न टेन्डर आह्वान गर्ने ।

४. प्रदेश सरकारबाट प्राप्त ३६ लाखको खेलकुद मैदानको अनुदान रकमबाट खेलकुद मैदान निर्माण गर्ने स्थान पछि तोक्ने ।

५. गाउँपालिकालाइ प्राप्त संसद क्षेत्र विकास कोषको अनुदान रकम देहाय बमोजिम विनियोजन गर्ने ।

| सि.नं. | शिर्षक | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बिरेन्द्र उ.मा.बि. नाउलिको भवन निर्माण | गंगादेव ३, नाउलि | रू. २५ लाख | |
| २ | सिद्ध आ.बि. बसारेचौरको मञ्च तथा हल निर्माण | गंगादेव ४, बसारेचौर | रू.११ लाख | |

६. निवेदन पेश गर्ने दिर्ग रोगिहरूलाइ आर्थिक सहायता दिने सम्बन्धमा अर्को बैठकबाट टुंग्याउने ।

७. स्याउबोट झोलंगेपुल निर्माणको लागी गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने रू. ५२,०००। म्याचिंग रकम चालु आ.ब.को बजेट शिर्षक निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भारबाट उपलब्ध गराउने ।

८. देहायका योजनाहरूको शिर्षक परिवर्तन गर्ने ।

| सि.नं. | योजनाका साविक शिर्षक | योजनकाको संशोधित शिर्षक | स्थान | बजेट रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ओत राङ्जिवांग माछेमुल मो.बा. निर्मान कर्मागत | सिस्नेखोलि गोठिखोला राङ्जिवांग मो.मा. निर्माण | गंगादेव २ | रू. ५० लाख | |
| २. | आ.बि. बसारेचौर शौचालय निर्माण | आ.बि. बसारेचौर शौचालय मर्मत तथा रिटेनिंग वाल निर्माण | गंगादेव ४ | रू. २ लाख | |
| ३. | श्री नेपाल राष्ट्रिय मा.वि. सिमखोला भवन मर्मत | श्री नेपाल राष्ट्रिय मा.वि. सिमखोला फिल्ड निर्माण | गंगादेव ५ | रू. एक लाख | |
| ४. | घरविर सवगृह निर्माण | सुखाओराल रमाइ विद्यालय सम्म गोरेटोबाटो निर्माण | गंगादेव २ | रू. असि हजार | |
| ५. | कृषि हाटवजार जग्गा खरिद<br>वडा कार्यालय भवन मर्मत<br>भुर्ति कल्व घर चर्पि निर्माण | कृषि भेटनरि भवन निर्माण | गंगादेव १ | रू. ५,५०,०००। | साविकका योजनाहरू मर्ज गरेर नयाँ योजना कायम गरिएको |

९. बातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७५ चैत्र १४ गते सम्पन्न बैठकको राहात वितरणको मापदण्ड निर्धारण र राहात निर्धारण सम्बन्धि निर्णयलाइ सर्वसम्वत रूपमा अनुमोदन गर्ने ।

...............................

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत